# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, असार १७ गते २०५० साल (अतिरिक्ताङ्क २१(क)


## भाग १

## शाही सम्बोधन

### संसद सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट संसदको पाँचौं अधिवेशनको दुबै सदनको संयुक्त बैठकलाई सम्वत् २०५० साल आषाढ १७ गते रोज ५ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तिनिधि सभाका सभामुख,
राष्ट्रिय सभाका अध्यक्ष
तथा सांसदहरू ।

१. आज संसदको पांचौं अधिवेशनलाई सम्बोधन गर्न पाउंदा हामीलाई खुशी लागेको छ । सुदृढ हुँदै गएको प्रजातन्त्रको यो आधारशिलामा मेरो सरकारले आर्थिक विकासका लागि नीतिगत आधार र कार्यक्रमहरूको तर्जुमा र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

कार्यान्वयन गरिराखेको छ । आगामी आर्थिक वर्षमा मेरो सरकारले अवलम्वन गर्ने विकास नीति र कार्यक्रमका साथै प्रशासन एवं परराष्ट्र सम्बन्धमा गरिने सुदृढीकरणका प्रयासले संसदीय प्रजातन्त्र र विकासलाई थप टेवा पुग्नेछ।

२. स्थानीय निकायहरूको सक्रियता र जन-सहभागिता प्रजातन्त्र र न्यायपूर्ण विकासका अनिवार्य शर्त हुन् भन्ने मानेर मेरो सरकारले प्रारम्भ गरेको विकास कार्यक्रमहरूको प्रतिफल सकारात्मक देखिएको छ । स्थानीय विकास कार्यक्रमहरूको समन्वय जिल्ला विकास समितिहरूले नै गर्ने नीतिलाई प्रभावकारी बनाउँदै आगामी आर्थिक वर्षमा स्थानीय निकायहरूलाई अझ बढी सुदृढ बनाउन यी निकायहरूको आर्थिक तथा भौतिक साधन र सुविधामा क्रमशः मेरो सरकारले बृद्धि गर्दै लानेछ । साथै ग्रामीण महिलाहरू तथा दुर्गम क्षेत्रका विपन्न जनताको जीवनस्तर उठाउने कार्यक्रममा पनि जोड दिइनेछ ।

३. मेरो सरकारले धान्न नसकिने गरी विकास आयोजनाहरूको संख्या मात्र विस्तार गर्दै लानुको सट्टा बढी भन्दा बढी जनता लाभान्वित हुने र प्रतिफल सुनिश्चित भएका आयोजनाहरूमा बजेट विनियोजन गरी आयोजना समयमै सम्पन्न गर्नेतर्फ ध्यान दिनेछ । विकास आयोजनाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोगको सचिवालयमा स्थापना भएको केन्द्रीय अनुगमन तथा मूल्यांकन महाशाखालाई अरू सक्रिय बनाइनेछ ।

४. अर्थ बयवस्थालाई उदार र प्रतिस्पर्धात्मक बनाउने हेतुले मेरो सरकारले उद्योग, वाणिज्य, पर्यटन, विदेशी विनिमय आदि क्षेत्रमा अपनाएका नयां नीतिहरूको फलस्वरूप देखिएका सकारात्मक परिणामहरूलाई ध्यानमा राखी सुधारको यो क्रमलाई अझ अगाडि बढाउनेछ । स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको रूचि र विश्वासलाई अझ गहिरो पार्न थप उपयुक्त कानूनहरूको निर्माण गरिनेछ । औद्योगिक प्रबर्द्धनको क्रममा वातावरण संरक्षण, प्रविधियुक्त जनशक्तिको विकास र राष्ट्रिय उत्पादकत्वमा वृद्धि गर्न संस्थागत आधार खडा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४

५. देशमा विद्यमान उदार आर्थिक वातावरण तथा नेपाल भारत वाणिज्य संझौता र सार्क राष्ट्रहरूबीच हालै सम्पन्न दक्षिण एशियाली सौविध्यप्राप्त ब्यापार संझौताको आधारमा देशको निकासी ब्यापारलाई देशगत र वस्तुगत रूपमा विविधीकरण गरी ब्यापार असन्तुलन क्रमशः घटाउँदै लानेतर्फ मेरो सरकार क्रियाशील रहनेछ ।

६. मेरो सरकारले उदार आर्थिक नीति अनुरूप कर प्रणालीमा ब्यापक र दूरगामी सुधार गर्ने प्रक्रियालाई अगाडि बढाउनेछ । अर्थतन्त्रमा स्थिरता कायम राख्न वित्तीय घाटा, मौद्रिक विस्तार र मूल्यस्थितिलाई एउटा निश्चित सीमाभित्र राख्ने प्रयत्न पनि गरिनेछ । संस्थानहरूको निजीकरण कार्यक्रमलाई आगामी आर्थिक वर्षमा क्रमिक रूपमा अगाडि बढाइनेछ । वित्तीय क्षेत्रको निरन्तर अनुगमन र मूल्यांकन गर्दै निजी क्षेत्रमा वित्तीय संस्थाहरूको स्थापनासंगै पूंजी बजारको विकासलाई प्रोत्साहित गरिनेछ ।

७. मेरो सरकारले अत्यावश्यक वस्तुहरूको आपूर्ति ब्यवस्थामा उपभोक्ता समूह तथा सहकारी संस्थाहरूलाई संलग्न गराउन प्रेरित गर्नेछ । निजी क्षेत्रभित्र पनि प्रतिस्पर्धात्मक वातावरणको सृजना गरी आपूर्ति स्थितिमा सुधार गर्ने क्रम जारी राखिनेछ । त्यस्तै दुर्गम क्षेत्रहरूमा खाद्यान्न आपूर्ति गर्ने ब्यवस्थामा पनि सुधार गर्दै लगिनेछ।

८. नयां पर्यटनस्थलको पहिचान गर्नुका साथै पर्यटन प्रबर्द्धन गर्न आवश्यक पूर्वाधार विकसित गर्दै मेरो सरकारले लगानीकर्ताहरूलाई विभिन्न पर्यटन ब्यवसायतर्फ आकर्षित गराउनेछ । स्वस्थ प्रतिस्पर्धाको आधारमा स्तरीय र सुरक्षित सेवा पुऱ्याउने किसिमको वायुसेवा नीति अपनाइनेछ । दुर्गम क्षेत्रका विमानस्थलहरूको भौतिक सेवामा सुधार ल्याइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मेरो सरकारले कृषि प्रसार एवं तालिमलाई प्रभावकारी बनाउंदै सिंचित क्षेत्रमा बढी उत्पादकत्व हासिल गर्न उपयुक्त बाली, फलफूल तथा पशुपंछी विकासका कार्यक्रममा जोड दिनेछ । कृषि सामग्रीको बिक्री वितरण, संचय, प्रशोधन आदि कार्यमा सहकारी संस्थाहरूलाई संलग्न गराउनेतर्फ जोड दिंदै मेरो सरकारले प्रतिस्पर्धात्मक मूल्यमा समयमै रासायनिक मलको आपूर्ति गर्ने जस्ता कुरामा सहकारी संस्था र निजी क्षेत्रलाई समेत संलग्न गराउनेछ ।

१०. एकीकृत भू-सूचना प्रणालीद्वारा जग्गा-जमीनको सम्पूर्ण लगतलाई ब्यवस्थित र अद्यावधिक बनाउंदै द्वैध स्वामित्व समाप्त गर्नेतर्फ प्रारम्भ गरिएका प्रयासहरूलाई आगामी आर्थिक वर्षमा अघि बढाइनेछ ।

११. मेरो सरकारले जनसहभागिताका आधारमा वनसंपदाको संरक्षण र उपयोगलाई प्रोत्साहित गर्नेछ । सरकारी वन तथा जनतालाई संलग्न गराई सामुदायिक, कबुलियत र निजी वनहरूको उचित ब्यवस्थापन र विकासका लागि कार्यक्रमहरू संचालन गरिनेछन् । जलाधार क्षेत्र र त्यसका पूर्वाधारहरूको संरक्षण गर्ने कार्यक्रमहरू पनि संचालन गरिनेछन् । राष्ट्रिय निकुन्ज, आरक्ष र संरक्षण क्षेत्र वरिपरिका जनतालाई समेत सहभागी गराई वन पैदावारहरूको आपूर्ति तथा संरक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।

१२. मेरो सरकारले कम खर्चिलो प्रविधि अपनाई ग्रामीण क्षेत्रको खानेपानी सुविधामा ब्यापक विस्तार गर्ने कार्यक्रम संचालन गर्नेछ । शहरी क्षेत्र र काठमाडौं उपत्यकामा खानेपानीको आपूर्ति बढाउने एवं पानीको चुहावट र प्रदूषण नियन्त्रण गर्ने कार्यक्रमहरू संचालन गरिनेछन् । सही सुकुम्बासीहरूको पहिचान गरी उनीहरूलाई बसोबास गराउने काम पनि अघि बढाइनेछ । त्यस्तै, शहरी बस्तीहरूको योजनाबद्ध विकासतर्फ पनि मेरो सरकारले कदम चाल्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६९९

१३. मेरो सरकारले यातायात विकासको क्षेत्रमा निर्माणाधीन राजमार्ग र सहायक राजमार्गहरूको निर्माण पूरा गर्नुका साथै सदरमुकाम जोड्ने सडकलाई प्राथमिकता दिंदै निर्माण कार्य जारी राख्नेछ । त्यसै गरी जलविद्युत् आयोजना संचालनका लागि पूर्वाधार सडकको निर्माण गर्नुका साथै निर्मित सडकहरूको मर्मत र संभार गर्ने कार्यक्रमलाई अघि बढाइनेछ । स्थानीय सहभागितामा निर्माण हुने जिल्लास्तरीय सडक, घोडेटो-गोरेटो र झोलुंगे पुलका लागि पनि साधन र प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१४. मेरो सरकारले विद्युत् आपूर्तिको समस्या हल गर्न अल्पकालीन उपायका रूपमा मौजुदा जलविद्युत् केन्द्रमा सुधार, तापीय विद्युत् केन्द्रको स्थापना तथा विद्युत् आयात जस्ता कार्यक्रमहरू संचालन गर्नेछ । थप विद्युत् उत्पादनका लागि मझौला जलविद्युत् आयोजनाको निर्माणलाई अघि बढाइनेछ । जलविद्युत् विकासमा निजीक्षेत्रलाई निरन्तर प्रोत्साहित गरिनेछ । सिंचाई आयोजनाहरूको छनौट, निर्माण, संचालन र मर्मत संभारमा उपभोक्ता कृषकहरूलाई संलग्न गराउने नीति र कार्यक्रमलाई अघि बढाइनेछ । ठूला आयोजनाहरूको तुलनामा साना आयोजनाहरूको लागत-प्रभावकारितालाई ध्यानमा राखी जनसहभागिताको आधारमा संचालन हुन सक्ने साना आयोजनाहरूको निर्माणलाई प्राथमिकता दिइनेछ । बाढी तथा नदी कटान समस्या समाधान गर्नेतर्फ पनि जनसहभागिताका आधारमा नदी नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।

१५. मेरो सरकारले प्राथमिक शिक्षाको विस्तार र शैक्षिक गुणस्तरको विकासमा जोड दिनेछ । छात्राहरूको निम्ति छात्रवृत्ति र महिला शिक्षिकाहरूको थप व्यवस्था मिलाइनेछ । स्तरयुक्त पाठ्यक्रम र पाठ्य सामग्रीको विकास, विद्यालयहरूको भौतिक सुविधामा वृद्धि र शिक्षक तालिम कार्यक्रमलाई प्रभावकारी बनाउनुका साथै परीक्षा प्रणाली र शैक्षिक उपकरण आदिमा सुधार गरिनेछ। पूर्वाधार भएका विद्यालयहरूमा उच्चमाध्यमिक शिक्षाको विस्तार गर्नुका साथै संस्कृत शिक्षालाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६६

व्यावहारिक बनाउनेतर्फ ध्यान दिइनेछ । उच्चशिक्षाको व्यवस्थापनमा समयानुकूल सुधारका साथै शिक्षाको गुणात्मक विकासमा मेरो सरकारले ध्यान दिनेछ। मेरो सरकारले विभिन्न जनजातिका सांस्कृतिक परम्परालाई प्रोत्साहित गर्नुका साथै राष्ट्रको धार्मिक, पुरातात्विक र सांस्कृतिक धरोहरको संरक्षण कार्यमा विशेष जोड दिनेछ।

१६. स्वास्थ्यतर्फ मेरो सरकारले आधारभूत प्राथमिक स्वास्थ्य सेवा तथा परिवार नियोजन एवं मातृशिशु कल्याण कार्यक्रमलाई ग्रामीणस्तरसम्म संचालन गर्न प्राथमिकता दिनेछ । साथै, आधुनिक चिकित्सा प्रणालीको सेवाको स्तरमा पनि सुधार गरिनेछ ।

१७. मेरो सरकारले व्यावसायिक तथा सीप विकास तालिमलाई प्रभावकारी बनाई यस्ता तालिमहरूद्वारा खास गरी महिला बेरोजगारहरूको समस्या समाधान गर्नेतर्फ कार्यक्रम संचालन गर्नेछ ।

१८. आगामी आर्थिक वर्षमा पनि मेरो सरकारले दुर्गम जिल्लाका सदरमुकामहरू तथा ग्रामीण क्षेत्रहरूमा दूर संचार सेवा उपलब्ध गराउने कार्यक्रम जारी राख्नेछ । गाउं विकास समितिसम्म हुलाक सेवा पु-याउने नीति अनुरूप थप हुलाक कार्यालयहरू खोलिनेछन् ।

१९. मेरो सरकारले प्रशासनिक कार्यविधिमा सरलीकरण तथा कर्मचारीहरूको हौसलामा वृद्धि गरी प्रशासनयन्त्रलाई सक्षम र सेवामूलक बनाउन प्रशासन सुधारको क्रम जारी राख्नेछ। जनतालाई छिटो-छरितो र सरल प्रक्रियाद्वारा न्याय प्रदान गर्ने नीति अन्तर्गत न्याय प्रशासनलाई सक्षम र सुदृढ बनाउनेतर्फ पनि मेरो सरकार क्रियाशील रहनेछ। जनताको मौलिक हक तथा मानवअधिकारको सुरक्षा र संमान गर्दै गृह प्रशासनलाई अझ भरपर्दो र विश्वसनीय बनाइनेछ । नेपाल प्रहरीको संगठनात्मक पक्ष र कार्यशैलीमाआवश्यक सुधार गरिनेछ । नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र सही र सरल तरिकाले उपलब्ध गराउन प्रक्रियागत कुराहरूमा सुधार गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

२०. शाही नेपाली सेनाको दक्षता र जनशक्तिलाई राष्ट्रिय विकास कार्यमा संलग्न गराउने मेरो सरकारको नीतिलाई कायमै राखिनेछ । यसका साथै संयुक्त राष्ट्र संघको आह्वानमा गरिने अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा स्थापना कार्यमा शाही नेपाली सेनाको सहभागिता जारी नै राखिनेछ।

२१. संयुक्त राष्ट्र संघको बडापत्र र असंलग्नताको सिद्धान्तप्रति प्रतिबद्ध रही मेरो सरकारले सबै मुलुकहरूसंग शान्ति, मित्रता र सहयोग बढाउने परराष्ट्र नीति कायमै राख्नेछ । हाम्रा निकटतम छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसंग रहेको हाम्रो सुमधुर सम्बन्धलाई पारस्परिक हितका निम्ति अझ गाढा बनाइनेछ । हाले हामीबाट गरिबक्सेको भारतको राजकीय भ्रमण र भारतका प्रधानमन्त्री श्री पी.भी. नरसिंह रावले गत वर्ष गर्नुभएको नेपालको औपचारिक भ्रमणले दुई देश बीचको मित्रता अझ सुदृढ पार्नमा सघाउ पु-याएको छ भन्ने मेरो सरकारको विश्वास रहेको छ । भरखरै भियनामा सम्पन्न संयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी विश्व सम्मेलनमा हाम्रा प्रधानमन्त्रीको नेतृत्वमा नेपालको सक्रिय सहभागिता मानवअधिकारप्रति नेपालको गहिरो आस्थाको अभिब्यक्ति हो । साथै प्रधानमन्त्रीको फिनल्याण्ड र इजरायलको औपचारिक भ्रमणबाट नेपाल र ती देशहरू बीच रहिआएको सम्बन्ध बढी सुदृढ हुन पुगेकोछ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनलाई अझ प्रभावकारी बनाउनेतर्फ पनि मेरो सरकार क्रियाशील रहनेछ। भूटानी शरणार्थी समस्याको चांडो समाधान गर्नेतर्फ मेरो सरकारले कूटनीतिक प्रयास जारी राख्नेछ ।

२२. प्रजातन्त्रलाई सुदृढ गर्दै न्यायोचित आर्थिक विकासको गति तीव्र पार्न मेरो सरकार कटिबद्ध रहेको छ । हाम्रो संविधानले लक्षित गरेको समतामूलक समाज र जनतामुखी विकास ढांचा निर्माण गर्न कार्यरत मेरो सरकारलाई सम्पूर्ण नेपालीबाट सक्रिय सहयोग र समर्थन प्राप्त हुने कुरामा हामी विश्वस्त छौं । आर्थिक र प्राविधिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहयोगद्वारा हाम्रो विकास प्रयासमा सघाउ पुर्‍याउने सबै मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संघ, संस्थाहरूप्रति मेरो सरकार हार्दिक धन्यवाद ब्यक्त गर्न चाहन्छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकूम बक्से बमोजिम,
जीवनलाल सत्याल
संसदको महासचिव



मुद्रक: श्री ५ को सरकार, मुद्रण विभाग, सिंहदरबार, काठमाडौं, नेपाल

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
260